# जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवा सम्बन्धी
# नेपाल आयल निगम लिमिटेडको सूचना
## सूचना नम्वर : ५/२०८०-८१
(गोरखापत्रमा प्रकाशित मिति : २०८०।८।१५)

यस निगममा रिक्त रहेका देहाय बमोजिमका पदहरू जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवाद्वारा पूर्ति गर्नु पर्ने भएको हुँदा निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को परिच्छेद ४ को विनियम ४.२.१ र परिच्छेद ६ को ६.१ बमोजिम २०८० आषाढ मसान्तसम्ममा न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका (महिला, आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीहरूको सेवा अवधिको हकमा उपरोक्त सेवा अवधि भन्दा एकवर्ष कम सेवा अवधि पुरा गरेका) तथा सोही विनियमावलीको परिच्छेद ६ को विनियम ६.२ को उपविनियम (१) बमोजिमको अवस्था नभएका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र https://hr.nepaloil.org.np/selfservice/vacancies मा गई online मार्फत् दरखास्त फाराम पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नम्वर | पद/तह | सेवा/समूह | माग पद संख्या |
|---|---|---|---|---|
| १. | १/२०८०-८१ | नायव कार्यकारी निर्देशक/तह ११ | -/- | १ |
| २. | २/२०८०-८१ | निर्देशक/तह १० | -/- | १ |
| ३. | ३/२०८०-८१ | उपनिर्देशक (प्रशासन)/तह ९ | अप्राविधिक/प्रशासन | ४ |
| ४. | ४/२०८०-८१ | उपनिर्देशक (लेखा)/तह ९ | अप्राविधक/लेखा | २ |
| ५. | ५/२०८०-८१ | उपनिर्देशक (सि.ए.)/तह ९ | अप्राविधक/लेखा | १ |
| ६. | ६/२०८०-८१ | उपनिर्देशक (जनरल)/तह ९ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| ७. | ७/२०८०-८१ | प्रवन्धक (प्रशासन)/तह ८ | अप्राविधिक/प्रशासन | २ |
| ८. | ८/२०८०-८१ | प्रवन्धक (लेखा)/तह ८ | अप्राविधिक/लेखा | १ |
| ९. | ९/२०८०-८१ | प्रवन्धक (सि.ए.)/तह ८ | अप्राविधिक/लेखा | १ |
| १०. | १०/२०८०-८१ | प्रवन्धक (मेकानिकल)/तह ८ | प्राविधिक/इञ्जिनियरिङ्ग | ३ |
| ११. | ११/२०८०-८१ | प्रवन्धक (सिभिल)/तह ८ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| १२. | १२/२०८०-८१ | उपप्रवन्धक (प्रशासन)/तह ७ | अप्राविधिक/प्रशासन | ४ |
| १३. | १३/२०८०-८१ | उपप्रवन्धक (लेखा)/तह ७ | अप्राविधिक/लेखा | ४ |
| १४. | १४/२०८०-८१ | उपप्रवन्धक (मेकानिकल)/तह ७ | प्राविधिक/इञ्जिनियरिङ्ग | ३ |
| १५. | १५/२०८०-८१ | उपप्रवन्धक (सिभिल)/तह ७ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| १६. | १६/२०८०-८१ | उपप्रवन्धक (इलेक्ट्रिकल)/तह ७ | प्राविधिक/इञ्जिनियरिङ्ग | २ |
| १७. | १७/२०८०-८१ | उपप्रवन्धक (कानून)/तह ७ | अप्राविधिक/विविध | १ |
| १८. | १८/२०८०-८१ | उपप्रवन्धक (ल्याव)/तह ७ | प्राविधिक/ल्याव | २ |
| १९. | १९/२०८०-८१ | सहायक प्रवन्धक (प्रशासन)/तह ६ | अप्राविधिक/प्रशासन | १ |
| २०. | २०/२०८०-८१ | सहायक प्रवन्धक (लेखा)/तह ६ | अप्राविधिक/लेखा | १ |
| २१. | २१/२०८०-८१ | सहायक प्रवन्धक (मेकानिकल)/तह ६ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| २२. | २२/२०८०-८१ | सहायक प्रवन्धक (सिभिल)/तह ६ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| २३. | २३/२०८०-८१ | सहायक प्रवन्धक (कम्प्युटर/आइ.टि.)/तह ६ | प्राविधिक/विविध | १ |
| २४. | २४/२०८०-८१ | वरिष्ठ सहायक (लेखा)/तह ५ | अप्राविधिक/लेखा | ३ |
| २५. | २५/२०८०-८१ | वरिष्ठ सहायक (ल्याव)/तह ५ | प्राविधिक/ल्याव | १ |

**नोटः**

१. उम्मेदवारले दरखास्तसाथ आफूले प्राप्त गरेको जेष्ठता, भौगोलिक क्षेत्रको अनुभव तथा तालिम सहितको व्यक्तिगत विवरण तथा आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२. आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका उम्मेदवारहरूले नेपाल आयल निगम लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को विनियम ४.२ को उपविनियम ९ मा उल्लेख भएका तत् तत् समूह सम्बन्धी काजगातहरूको प्रमाण सम्वन्धित निकायबाट प्राप्त गरी दरखास्त साथ पेश गर्नु पर्नेछ । साथै, समावेशी तर्फ विनियमावलीको परिच्छेद ६ को विनियम ६.१ को उपविनियम (३) अनुसार नियुक्ति वा बढुवा हुँदा निगमको नोकरी सेवा अवधिभरीमा एकपटक मात्र उपयोग गर्न पाउने व्यवस्था अनुसार त्यस्तो कुनै समावेशीको सुविधा उपभोग गरिसकेको भए दरखास्तसाथ सो समेत उल्लेख गर्नु पर्नेछ ।

३. तोकिएको अवधि भित्र दरखास्त पेश नगरेमा त्यस्तो उम्मेदवारलाई सम्भाव्य उम्मेदवारको रुपमा समावेश गरिने छैन ।

४. दरखास्त पेश गर्ने उम्मेदवारहरूको हकमा परीक्षा दस्तुर : तह ११ को लागि रु.१,५००।-, तह १० र ९ का लागि रु.१,२००।-, तह ८, ७ र ६ का लागि रु.१,०००।-, तह ५ का लागि रु.४००।- रहेको छ ।

५. अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत विवरण निगमको उक्त वेबसाइटमा राखिएको छ । यस सम्वन्धमा कुनै समस्या भएमा प्राविधिक सहयोगका लागि मोबाइल नं ९८०२२६६००१ वा ९८०२२६६००५ मा सम्पर्क गर्न सकिनेछ ।

**पदपूर्ति समिति**
नेपाल आयल निगम लिमिटेड

## लोक सेवा आयोगबाट लिइने आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा सम्बन्धी नेपाल आयल निगम लिमिटेडको सूचना

### सूचना नम्वर : ६/२०८०-८१

(गोरखापत्रमा प्रकाशित मिति : २०८०।८।१५)

यस निगममा रिक्त रहेका देहाय बमोजिमका पदहरू आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नुपर्ने भएको हुँदा निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को परिच्छेद ४ को विनियम ४.२ को उपविनियम (१) र परिच्छेद ६ को विनियम ६.१ बमोजिम २०८० आषाढ मसान्तसम्ममा न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका (महिला, आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीहरूको सेवा अवधिको हकमा उपरोक्त सेवा अवधि भन्दा एकवर्ष कम सेवा अवधि पुरा गरेका) तथा सोही विनियमावलीको परिच्छेद ६ को ६.२(१) बमोजिमको अवस्था नभएका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र https://hr.nepaloil.org.np/selfservice/vacancies मा गई online मार्फत् दरखास्त फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नम्वर | पद/तह | सेवा/समूह | माग पद संख्या |
|---|---|---|---|---|
| १. | २६/२०८०-८१ | निर्देशक/तह १० | -/- | १ |
| २. | २७/२०८०-८१ | उपनिर्देशक (प्रशासन)/तह ९ | अप्राविधिक/प्रशासन | १ |
| ३. | २८/२०८०-८१ | उपनिर्देशक (लेखा)/तह ९ | अप्राविधक/लेखा | १ |
| ४. | २९/२०८०-८१ | उपनिर्देशक (मेकानिकल)/तह ९ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| ५. | ३०/२०८०-८१ | उपनिर्देशक (ल्याव)/तह ९ | प्राविधिक/ल्याव | १ |
| ६. | ३१/२०८०-८१ | प्रवन्धक (लेखा)/तह ८ | अप्राविधिक/लेखा | १ |
| ७. | ३२/२०८०-८१ | प्रवन्धक (मेकानिकल)/तह ८ | प्राविधिक/इञ्जिनियरिङ्ग | २ |
| ८. | ३३/२०८०-८१ | प्रवन्धक (सिभिल)/तह ८ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| ९. | ३४/२०८०-८१ | प्रवन्धक (पेट्रोलियम)/तह ८ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| १०. | ३५/२०८०-८१ | प्रवन्धक (इन्भारोमेन्ट)/तह ८ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| ११. | ३६/२०८०-८१ | प्रवन्धक (केमिकल)/तह ८ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| १२. | ३७/२०८०-८१ | उपप्रवन्धक (प्रशासन)/तह ७ | अप्राविधिक/प्रशासन | १ |
| १३. | ३८/२०८०-८१ | उपप्रवन्धक (लेखा)/तह ७ | अप्राविधिक/लेखा | १ |
| १४. | ३९/२०८०-८१ | उपप्रवन्धक (सिभिल)/तह ७ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| १५. | ४०/२०८०-८१ | उपप्रवन्धक (पेट्रोलियम)/तह ७ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| १६. | ४१/२०८०-८१ | उपप्रवन्धक (इन्भारोमेन्ट)/तह ७ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| १७. | ४२/२०८०-८१ | उपप्रवन्धक (केमिकल)/तह ७ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| १८. | ४३/२०८०-८१ | उपप्रवन्धक (कम्प्युटर/आइ.टि.)/तह ७ | प्राविधिक/इञ्जिनियरिङ्ग | १ |
| १९. | ४४/२०८०-८१ | उपप्रवन्धक (ल्याव)/तह ७ | प्राविधिक/ल्याव | १ |
| २०. | ४५/२०८०-८१ | सहायक प्रवन्धक (प्रशासन)/तह ६ | अप्राविधिक/प्रशासन | १ |
| २१. | ४६/२०८०-८१ | सहायक प्रवन्धक (लेखा)/तह ६ | अप्राविधिक/लेखा | १ |
| २२. | ४७/२०८०-८१ | सहायक प्रवन्धक (कम्प्युटर/आइ.टि.)/तह ६ | प्राविधिक/विविध | १ |
| २३. | ४८/२०८०-८१ | वरिष्ठ सहायक (प्रशासन)/तह ५ | अप्राविधिक/प्रशासन | १ |
| २४. | ४९/२०८०-८१ | वरिष्ठ सहायक (लेखा)/तह ५ | अप्राविधिक/लेखा | ३ |
| २५. | ५०/२०८०-८१ | वरिष्ठ सहायक (ल्याव)/तह ५ | प्राविधिक/ल्याव | १ |

**नोटः**

१. उम्मेदवारले दरखास्तसाथ आफूले प्राप्त गरेको जेष्ठता, भौगोलिक क्षेत्रको अनुभव तथा तालिम सहितको व्यक्तिगत विवरण तथा आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

२. आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका उम्मेदवारहरूले नेपाल आयल निगम लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को विनियम ४.२ को उपविनियम ९ मा उल्लेख भएका तत् तत् समूह सम्बन्धी कागजातहरूको प्रमाण सम्वन्धित निकायबाट प्राप्त गरी दरखास्त साथ पेश गर्नु पर्नेछ। साथै, समावेशी तर्फ विनियमावलीको विनियम ६.१(३) अनुसार नियुक्ति वा बढुवा हुँदा निगमको नोकरी सेवा अवधिभरीमा एकपटक मात्र उपयोग गर्न पाउने व्यवस्था अनुसार त्यस्तो कुनै समावेशीको सुविधा उपभोग गरिसकेको भए दरखास्तसाथ सो समेत उल्लेख गर्नु पर्नेछ।

३. तोकिएको अवधि भित्र दरखास्त पेश नगरेमा त्यस्तो उम्मेदवारलाई सम्भाव्य उम्मेदवारको रुपमा समावेश गरिने छैन।

४. आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि दरखास्त पेश गर्ने उम्मेदवारहरूको हकमा परीक्षा दस्तुर : तह १० र ९ का लागि रु.१,२००।-, तह ८, ७ र ६ का लागि रु.१,०००।-, तह ५ का लागि रु.४००।- रहेको छ।

५. सबै पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट लिइनेछ। लिखित परीक्षा कार्यक्रम लोक सेवा आयोगबाट प्राप्त भएपश्चात् प्रकाशन गरिनेछ।

६. पाठ्यक्रम निगमको वेबसाइट www.noc.org.np बाट हेर्न सकिनेछ।

७. अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत विवरण निगमको उक्त वेबसाइटमा राखिएको छ। यस सम्बन्धमा कुनै समस्या भएमा प्राविधिक सहयोगका लागि मोबाइल नं ९८०२२६६००१ वा ९८०२२६६००५ मा सम्पर्क गर्न सकिनेछ।

**पदपूर्ति समिति**
नेपाल आयल निगम लिमिटेड

## लोक सेवा आयोगबाट लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षासम्बन्धी
## नेपाल आयल निगम लिमिटेडको सूचना
## सूचना नम्बर : ७/२०८०-८१
(गोरखापत्रमा प्रकाशित मिति : २०८०।८।१५)

यस निगममा रिक्त रहेका देहाय वमोजिमका पदहरु खुला प्रतियोगिताद्वारा छनौट गरी स्थायी रुपमा पूर्ति गर्नका लागि इच्छुक योग्य नेपाली नागरिकहरुवाट https://erecruitment.nepaloil.org.np/users/login मा गई online मार्फत् यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले २१ दिन भित्र र दोब्वर दस्तुर तिरी म्याद सकिएको मितिले ७ दिन भित्र दरखास्त फाराम पेश गर्नुहुन आव्हान गरिएको छ । दरखास्त फाराम भर्ने सम्बन्धि विस्तृत जानकारी उक्त वेवसाइटमा दिइएको व्यहोरा अनुरोध छ ।

| क्र. सं. | पद/तह | सेवा/समूह | विज्ञापन नं. | खुला/ समावेशी | माग पद सख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | प्रवन्धक (मेकानिकल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ्ग | ५१/२०८०-८१ | महिला | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरेको र नेपाल सरकार वा कुनै संगठित संस्थामा अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त । |
| २. | उपप्रवन्धक (सि.ए.)/तह ७ | अप्राविधिक/लेखा | ५२/२०८०-८१ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी कोर्ष उत्तीर्ण । |
| ३. | सहायक प्रवन्धक (प्रशासन)/तह ६ | अप्राविधिक/प्रशासन | ५३/२०८०-८१ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| | | | ५४/२०८०-८१ | मधेसी | १ | |
| ४. | सहायक प्रवन्धक (लेखा)/तह ६ | अप्राविधिक/लेखा | ५५/२०८०-८१ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, जनप्रशासन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण । |
| | | | ५६/२०८०-८१ | आ.ज. | १ | |
| | | | ५७/२०८०-८१ | मधेसी | १ | |
| ५. | सहायक प्रवन्धक (सिभिल)/तह ६ | प्राविधिक/इन्जिनियरिङ्ग | ५८/२०८०-८१ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ६. | सहायक प्रवन्धक (पेट्रोलियम)/तह ६ | प्राविधिक/इन्जिनियरिङ्ग | ५९/२०८०-८१ | खुला | १ | |
| ७. | सहायक प्रवन्धक (कम्प्युटर/आइ.टि.)/तह ६ | प्राविधिक/विविध | ६०/२०८०-८१ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ८. | बरिष्ठ सहायक (प्रशासन)/तह ५ | अप्राविधिक/प्रशासन | ६१/२०८०-८१ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| ९. | बरिष्ठ सहायक (लेखा)/तह ५ | अप्राविधिक/लेखा | ६२/२०८०-८१ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा प्रविणता प्रमाण पत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| | | | ६३/२०८०-८१ | महिला | १ | |
| १०. | बरिष्ठ सहायक (इलेक्ट्रिकल)/तह ५ | प्राविधिक/इन्जिनियरिङ्ग | ६४/२०८०-८१ | मधेसी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| ११. | बरिष्ठ सहायक (ल्याव)/तह ५ | प्राविधिक/ल्याव | ६५/२०८०-८१ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिष्ट्री विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण । |
| | | | ६६/२०८०-८१ | पि.क्षे. | १ | |
| १२. | सहायक (ल्याव)/तह ४ | प्राविधिक/ल्याब | ६७/२०८०-८१ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिष्ट्री विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण । |
| | | | ६८/२०८०-८१ | आ.ज. | १ | |
| १३. | सहायक (मिस्त्री-मेकानिकल)/तह ४ | प्राविधिक/इन्जिनियरिङ्ग | ६९/२०८०-८१ | खुला | १ | T-SLC, एस.एल.सी.वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण र मान्यता प्राप्त प्राविधिक शिक्षालयबाट मेकानिकल सम्बन्धी कम्तीमा एकवर्ष तालिम अथवा मेकानिकल कार्यको ३ वर्षको अनुभव । |
| १४. | टेक्निसियन/तहविहिन | प्राविधिक/इन्जिनियरिङ्ग | ७०/२०८०-८१ | खुला | ५ | T-SLC परीक्षा वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण गरी सम्वन्धित विषयमा ६ महिनाको तालिम वा सम्वन्धित क्षेत्रमा दुई वर्षको कार्य अनुभव प्राप्त गरेको । |
| | | | ७१/२०८०-८१ | महिला | २ | |
| | | | ७२/२०८०-८१ | आ.ज. | १ | |
| | | | ७३/२०८०-८१ | मधेसी | १ | |

**विज्ञापन सम्बन्धी विशेष सूचना :**

सम्मानीत सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम आवश्यक कानूनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

**नोट :**

१. उपर्युक्त अनुसार सवै पदहरूको परीक्षा केन्द्र काठमाडौंमा हुनेछ । सबै पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट लिइनेछ । लिखित परीक्षा कार्यक्रम लोक सेवा आयोगबाट प्राप्त भएपश्चात् प्रकाशन गरिनेछ ।

२. उमेरको हदमा दरखास्त दिने अन्तिम मितिसम्म तहविहिन, तह ४ र ५ को हकमा १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको एवं तह ६, ७ र ८ को हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । तर महिला एवं अपाङ्ग उम्मेदवारको हकमा भने दरखास्त दिने अन्तिम मितिसम्म उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ । तर निगमको सेवाको पदमा स्थायी बहालवाला कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

३. दरखास्त दिने उम्मेदवारको लागि परीक्षा दस्तुर : तह ८, ७ र ६ का लागि रु.१,०००।-, तह ५ का लागि रु.४००।-, तह ४ का लागि रु.३००।- र तहविहिनका लागि रु.२००।- रहेको छ तर एउटै पदको लागि १ भन्दा वढी समावेशीमा दरखास्त दिने भएमा प्रति समावेशी तह ६ को लागि रु.४००।-, तह ५ को लागि रु.२००।-, तह ४ को लागि रु.१५०।- र तहविहिनको लागि रु. १००।- थप परीक्षा दस्तुर रकम वुझाउनु पर्नेछ ।

४. दोव्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।
५. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाण पत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।
६. पाठ्यक्रम निगमको वेबसाइट www.noc.org.np बाट हेर्न सकिनेछ ।
७. दरखास्तसाथ आवश्यक न्यूनतम शैक्षिक योग्यतासम्मका प्रमाणित प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ ।
८. समावेशी समूहको आवेदनको हकमा सम्बन्धित निकायबाट प्रमाणित कागजात पेश गर्नुपर्नेछ ।
९. इञ्जिनियरिङ्ग समूहको तह ६ र सो भन्दा माथिका पदहरूको लागि इञ्जिनियरिङ्ग परिषद्मा दर्ता भएको प्रमाण पत्र र चार्टर्ड एकाउन्टेन्ट पदको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्य बनेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
१०. निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को विनियम ४.२ (१०) बमोजिम निगमको सेवामा एक पटक आरक्षणको सुविधा उपभोग गरिसकेका कर्मचारीहरूले पुनः कुनै पनि आरक्षण सुविधा प्राप्त गर्न सक्ने छैन । साथै, कार्यरत कर्मचारीहरूले आरक्षण सुविधा लिए/नलिएको व्यहोरा स्वयम् घोषणा गर्नुपर्नेछ ।
११. अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत विवरण निगमको उक्त वेबसाइटमा राखिएको छ । यस सम्बन्धमा कुनै समस्या भएमा प्राविधिक सहयोगका लागि मोबाइल नं ९८०२२६६००१ वा ९८०२२६६००५ मा सम्पर्क गर्न सकिनेछ ।

**पदपूर्ति समिति**
नेपाल आयल निगम लिमिटेड